मिति २०७४/०२/२८ मा बसेको आ.व. ०७३/०७४ को १५ औं सचिव बैठकका निर्णयहरु

क्र.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
१.	वातावरण संरक्षणका सम्बन्धमा सम्मानीत सर्वोच्च अदालतबाट भएको आदेश कार्यान्वयन गर्न सचिव बैठकबाट भएको निर्णय बमोजिम सबै मन्त्रालय/निकायहरुबाट कार्ययोजना प्राप्त भई नसकेको हुँदा आ-आफ्नो कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने/गराउने।	सम्बन्धित सबै मन्त्रालय /निकाय	जनसंख्या तथा वातावरण मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	७ दिन भित्र
२.	पहिलो चरणको स्थानिय तह निर्वाचन सम्पन्न भई दोश्रो चरणको निर्वाचन निकट भविष्यमै हुन गइरहेको छ। स्थानिय तहको पुनसंरचना भई सोही अनुरुप सेवा संचालन गर्न आवश्यक जनशक्ति सम्बन्धित मन्त्रालयहरुले तत्काल पठाउने व्यवस्था मिलाउने।	सबै मन्त्रालय /निकाय	सामान्य प्रशासन मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	अविलम्ब
३.	वेरुजु फछ्र्यौट सरकारको उच्च प्राथमिकतामा रहेको तर हाल सम्मको प्रगती २८.९५% मात्र भएको देखिएकोले मन्त्रालय तथा अन्तर्गतका समिति, प्रतिष्ठानहरुको फछ्र्यौट अवस्था सन्तोषजनक नदेखिएकोले वेरुजु फछ्र्यौट तथा संपरीक्षण गर्ने गराउने तर्फ विशेष पहल गर्ने।	सम्बन्धित मन्त्रालय /निकाय	महालेखा नियन्त्रकको कार्यालय र अर्थ मन्त्रालय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
४.	पूर्वाधार सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका आर्थिक पूर्वाधार महाशाखा हेर्ने सचिवको संयोजकत्वमा निम्न बमोजिम समिति गठन गर्ने। उक्त समितिले आवश्यकता अनुसार समितिमा मन्त्रालयको सचिवलाई र अन्य पदाधिकारी आमन्त्रण गर्न सक्ने र प्राविधिक उपसमिति गठन गरी सहयोग लिन सक्ने गरी ४५ दिन भित्र पूर्वाधार निर्माण सम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी पेश गर्ने सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक पूर्वाधार महाशाखा) - संयोजक सचिव, सहरी विकास मन्त्रालय - सदस्य	सम्बन्धित मन्त्रालय /निकाय	सम्बन्धित मन्त्रालय /निकाय	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	४५ दिन

मुख्य सचिव

क.सं.	निर्णयहरु	जिम्मेवार निकाय	सहयोगी निकाय	अनुगमन गर्ने निकाय	समय सीमा
	सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय - सदस्य सचिव, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय - सदस्य सचिव, अर्थ मन्त्रालय - सदस्य सचिव, राष्ट्रिय योजना आयोग - सदस्य				
५.	सामाजिक सुरक्षा कोषलाई व्यवस्थित गरी संचालन गर्न अर्थ मन्त्रालय र श्रम तथा रोजगार मन्त्रालयले समन्वय गरी आवश्यक कार्ययोजना सहित विवरण अध्यावधिक गर्ने लगायतका कार्यहरु गर्ने गराउने।	श्रम तथा रोजगार मन्त्रालय/ अर्थ मन्त्रालय	सबै मन्त्रालय/निकायहरु	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	निरन्तर
६.	अधिकांश सरकारी निकायले बुझाउनु पर्ने खानेपानी महशुल बक्यौता रहेकोले सम्बन्धित मन्त्रालय/निकायहरुले यस्तो बक्यौता रकम अविलम्ब भुक्तानी गर्ने तथा रकम अभाव भएमा सो को फाँटवारी/विवरण सहित अर्थ मन्त्रालयसँग थप बजेट निकासा लिई फरफारक गर्ने/गराउने व्यवस्था मिलाउने।	सबै मन्त्रालय/निकायहरु	अर्थ मन्त्रालय		निरन्तर

मुख्य सचिव